# अयनकाल एक मिनट मौनधारण २०१९

संयुक्त वैश्विक सहयोगको उर्जाको व्यवस्था प्रयोग गर्दै नयाँ युगको ज्योति फैलाउन एक साथ घण्टी बजाँऊ

## सम्पूर्ण मानवलाई एक आह्वान

समय ९-०० बजे बेलुकी, जी.एम.टी./यु.टी.सी. दिनाङ्क २१ दिसम्बर २०१९, अयनकाल, ज्योति शक्तिसित एक्यता स्थापना गर्न एक मिनटको मौन धारण गर्दै एक साथ घण्टी बजाँऊ। जसद्वारा भोलीको सुन्दर अनि उत्तम विश्वको निर्माणको एक प्रेरणात्मक एवं सहयोगको प्रयास बनेर संयुक्त वैश्विक विचारको जलाशय उत्पन्न गर्न सकौं।

“स्वच्छ विचार भएका नर-नारीहरूका दैनिक स्तरमा एकार्कामाथिको संयुक्त सरसहयोगको अघि यस धरतीका कुनै पनि शक्ति टिक्न कहाँ सक्छ?” यसोसले सम्पूर्ण मानवजातीको हितको लागि यस्ता महत्वपूर्ण मौनघारणलाई निरन्तर एवं फराकिलो रूपमा पालन गरिनुपर्छ।

(मेजर वेलेस्ली ट्यूडर पोल ओ.बी.इ.)

आजको जल्दो बल्दो संकटमाथि विजय प्राप्त गर्नलाई हामी मौनधारण गर्छौं जसले हाम्रो विचार प्रार्थना अनि ध्यानलाई एकत्रित गर्दछ। मौनधारणको उद्धेश्य संकटदेखि अझ परको विषयमाथि केन्द्रित भएर भविष्यको उदाउँदो नयाँ बीजलाई ध्यान दिनु हो। असंख्य सेवकहरू अनि त्यस्ता झुण्डहरू वर्तमानमा पनि त्यही बीजहरूलाई भरण-पोषण गर्नमा लागिपरेका हुन् जो हाम्रो संयुक्त प्रयासले एक जीवनको आन्तरिक संश्लेषणलाई प्रकट गर्दछ, जहाँ त्यस साम्राज्यका सम्पूर्ण मानवले भागिदारिता दिंदछ।

**अपरान्ह ९-०० बजेको एकमिनटको मौनधारण**ले मानवलाई त्यसको सर्वोच्च उँचाईमा पुर्याउन चाहँदै धकिल्दै उपलब्धिको शिखरमा लैजाने सम्भाषित प्रयास गर्नेछ।

*वास्तवमा हिमालयमा एउटा कैलाश पर्वत नाम गरेको पर्वत जसलाई घण्टीको पहाड़ भन्दछ।*



*वैश्विक घण्टी बजाउने मानवको चाहना उसको सोंच अनि त्यसको महान्तम् व्यक्त गर्दछ।*

## एक मिनट मौनधारणरणको इतिहास

**एक मिनटको मौनधारण**को जन्म प्रथम विश्वयुद्दको समय अवधि जरूसलेमको नजीक पहाड़ीय क्षेत्रमा युद्धमा परेका दुई योद्धा सेनाहरू माझको वार्तालापबाट भएको थियो। ती मध्येमा एकलाई थाह थियो अनि उसले एक भविष्यवाणी गर्दै भनेका थिए कि भविष्यमा यसरी भयंकर युद्धहरू लड़िनेछ जो महादेशहरू माझ, समुद्रमा अनि हावामा लड़िनेछ। उसले आफ्नो साथीलाई एक मौकाको लागि अनुरोध गरे साथै उ जस्तै अरू लाखौंलाईआ पनि कहीबाट सहयोग पाउनलाई आग्रह गर्यो। उसले भन्यो- 'हामीलाई केही क्षणहरू देऊ- तिम्रो मौनधारणले हरेकदिन हामीलाई एक मौका मिल्नेछ कारण तिमीलाई थाह छ मौनधारणको शक्ति मिती आफैभन्दा पनि महान हुँदछ।'

उनको मित्र मेजर ट्यूडर पोल ओ.बी.इ. ले मौन धारण स्थापित गरे अनि मौनतामा प्रवेश गर्दै “अदृश्य तर सर्व शक्तिमान सेना” सित सहयोगको मार्गद्वार देखाउन लगाउँदै ती जटील परिस्थितिबाट निस्कनलाई एक मिनटको मौनधारण गरे।

यो एक मिनट मौनधारणलाई ब्रिटिश राष्ट्रमण्डलका सबै राष्ट्रहरू अनि क्षेत्रहरूका सबै नागरिकहरूमाथि लागु गराउँदै सोंचाईमा एकता दर्शन अनि धार्मिक परिपेक्षण एकता ल्याउँदै स्वतन्त्रता अनि शान्तिको निम्ति प्रार्थना गरियो। हरेक रात ठीक ९ बज्नुको एक मिनट अघि लण्डन शहरको बिग बेन घण्टाघरबाट ध्वनि संकेत दिइने बी.बी.सी. रेडियोले प्रसारण गर्यो। ट्यूडर पल जान्दथ्यो कु यदि प्रचुर मात्रामा उसको मानिसहरूले त्यो भावमा समर्पित भएर इच्छाशक्तिको साथ हात मिलाए भने समुद्रमा ज्वरभाट उत्पन्न भएर इंग्ल्याण्डमाथिको आक्रमणलाई मोड़न सकिन्छ। वास्तवमा मौनधारण कै फलस्वरूप अतः शान्ति औ स्वीकार छायो जसलाई युद्धविराम पश्चात जर्मनका एक उच्च पदाधिकारीले यसो भनेका छन्-

“तिमीहरूसित यस्तो गुप्त हतियार थियो जसको प्रत्युपाय हामीले दिनै सकेनौ तथा त्यो के शक्ति थियो बुझ्न पनि हामी असमर्थ भयौं। जे होस तिमीहरूसित जे थियो अति शक्तिशाली थियो। त्यसको सम्बन्ध प्रत्येक रातको बिग बेनसित थियो। जहाँसम्म मलाई विश्वास छ तिमीहरू त्यसलाई (Silent Minute) एक मिनटको मौन धारण भन्दछौं।”

## घण्टी बजाऊ अनि मौनतामा प्रवेश गर

आउँ २१ दिसम्बर २०१९ प्रातः ९:०० बजे सबैमिली लण्डन जी.एम.टी,/यू.टी.सी. को दिन
एकजुट भएर ज्योतिको शक्तिलाई प्रबल सहयोगी अनि वैश्विक तहमा सुन्दर
अनि उत्तम विश्वको निम्ति एक मिनटको मौन धारण गरौं।